# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. नेपालद्धारा विभिन्न कार्यक्रमहरूलाई सम्वोधन

### गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको उद्घाटन



गभर्नर डा. चिरंजीबि नेपालले २०७३ पुस २२ गतेका दिन धनकुटामा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको उद्घाटन गर्नु भयो। उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले वित्तीय पहुँचमा योगदान दिन सकोस भनेर नै नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थालाई प्राथमिकता दिई इजाजतपत्र प्रदान गर्ने नीति लिइएको बताउनु भयो । सो कार्यक्रममा उहाँले सीप र जाँगर भएका जनतालाई वित्तीय स्रोत प्रदान गरी आयआर्जन बृद्धिमा लघुवित्त संस्थाहरुको योगदान महत्वपूर्ण रहेको वताउनु भयो। अझै पनि गाउँ र दुर्गम स्थानमा वित्तीय संस्थाहरूको पहुँच पुग्न नसकेको चर्चा गर्दै वित्तीय संस्थाहरू त्यस्ता ठाँउमा पुगी स्थानीय जनताको सीप, जाँगर र क्षमतालाई सदुपयोग गरी आर्थिक गतिविधिमा टेवा पुर्‍याउन गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नु भयो। बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने कर्जाको सदुपयोगिताको लागि बैंकको पनि अहम भूमिका रहने हुँदा कर्जा प्रवाह गर्दा बैंक तथा वित्तीय संस्थाहरुले सजगता अपनाउनुपर्ने वताउनुभयो। पूँजी वृद्धिले बैंकहरुलाई कर्जा प्रवाहमा सहज हुने र वित्तीय पहुँच अभिबृद्धिमा पनि मद्दत पुग्ने हुनाले नै बैंक तथा वित्तीय संस्थाको पूँजी वृद्धिको नीति लिइएको बताउनु भयो । उहाँले लघुवित्त संस्था पुगेको स्थानमा गरिब जनताले सानो परिमाणमा वित्तीय स्रोत पाउने हुँदा गरिवी निवारणमा यस्ता संस्थाको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो । एक जनाले कर्जा नतिर्दा अर्को निक्षेपकर्ताको लगानी डुब्न सक्ने भएकाले कर्जा नतिरी बैंकको रकम दुरुपयोग गर्ने ऋणीलाई राष्ट्र बैंक तथा राज्यले कारवाही गर्ने बताउनुभयो। सो कार्यक्रममा गभर्नर डा. नेपालले गुराँस लघुवित्त संस्थाको उत्तरोत्तर प्रगतिको लागि शुभकामना समेत व्यक्त गर्नु भयो।

### गभर्नर डा. नेपालबाट वित्तीय साक्षरता कार्यक्रमलाई सम्वोधन

गभर्नर डा. चिरंजीबि नेपालले विराटनगर कार्यालयद्धारा धनकुटामा आयोजित वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमलाई सम्वोधन गर्नुहुदै पैसाको महत्व बुझाउने, वचत गर्ने वानीको



विकास गर्ने, नागरिकहरूलाई उद्यमशिलतातर्फ प्रेरित गर्नका लागि नेपाल राष्ट्र बैंकले वित्तीय साक्षरता कार्यक्रम संचालन गर्दै आएको बताउनु भयो । सो अवसरमा उहाँले व्यक्तिको इच्छा र आकांक्षा असीमित भएतापनि अत्यावश्यक ठाउँमा मात्र खर्च गर्ने बानी बसाल्नु पर्ने र लगानी कहाँ गर्ने भन्ने ज्ञान नै वित्तीय साक्षरता हो भन्नु भयो।

सानोतिनो लगानीबाट व्यवसाय गर्दै गयो भने विस्तारै पछि ठूलो लगानीतर्फ उन्मुख हुन सक्ने कुरा बताउनु हुँदै उहाँले भोलीका दिनमा ठुलो व्यवसायी, उद्यमी बनाउन विद्यार्थीमाझ यस्ता कार्यक्रम संचालन गरिएको बताउनु भयो । उहाँले सबै नेपालीको बैंक खाता होस् र सबै आर्थिक कारोवार बैंकिङ्ग प्रणालीबाट मात्रै होस् भन्नुहुदै रेमिट्यान्स पठाउँदा इजाजतपत्र प्राप्त संस्थाहरूबाट मात्रै पठाउन पनि गभर्नर डा. नेपालले आग्रह गर्नुभयो ।

गभर्नर डा. नेपालले विदेश पलायन हुने पूँजी रोकिनु पर्ने, विदेश जाने प्रवृत्ति रोकिनु पर्ने र सचेत नागरिकले स्वदेशमै केही गर्नु पर्छ भन्ने धारणा पनि राख्नु भयो ।

## नेपाल राष्ट्र बैंक, बिराटनगर कार्यालयद्वारा आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले मिति २०७३ पुस २३ गते नेपाल राष्ट्र बैंक, बिराटनगर कार्यालयले आयोजना गरेको "समसामयिक आर्थिक बैंकिङ्ग गतिविधि, वित्तीय पहुँच तथा समावेशीकरण" विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नु भयो । उक्त कार्यक्रमलाई सम्वोधन गर्नुहुदै उहाँले देशको वर्तमान आर्थिक स्थिति, तरलता एवं व्याजदरका बारेमा प्रकाश पार्नुभयो । यस बर्ष कृषि क्षेत्रमा उत्साहजनक प्रगति देखिएको र उद्योग क्षेत्रको पनि क्षमता वढेकाले समग्र आर्थिक अवस्थामा सुधार आई ६.५ प्रतिशतको लक्षित अर्थिक वृद्धिदर हासिल गर्न सघाउ पुग्ने बताउनु भयो । देशमा प्रचुर सम्भावना रहेकाले नीजि क्षेत्रले यसको फाइदा लिन आग्रह गर्नुहुदै गभर्नर डा. नेपालले दुई दशकभन्दा अघिदेखि राज्यले नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिएपनि नीजि क्षेत्रले त्यसको उपयोग गर्न नसकेको र नीजि क्षेत्र उद्योग धन्दाको विकासमाभन्दा केवल व्यापार व्यवसायमा मात्र लागेको वताउनुभयो । नेपाल राष्ट्र बैंकले पछिल्ला समयमा लिएको नीतिले बैंकिङ्ग क्षेत्रको




सवलीकरण र वित्तीय स्थायित्वमा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनु हुँदै गभर्नर डा. नेपालले उद्योग व्यवसायीका उचित माग सम्वोधन गर्न नेपाल राष्ट्र बैंक सदा तत्पर रहेको समेत वताउनुभयो । सो कार्यक्रममा नेपाल राष्ट्र बैंक गभर्नर कार्यालयका निर्देशक श्री राजेन्द्र पण्डित र विराटनगर कार्यालयका निर्देशक श्री रामु पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने सहभागीहरुबाट उठेका जिज्ञासाको उत्तर पनि दिनु भएको थियो ।

**२०७३ पुस २३, शनिबार**

**गभर्नरको कार्यालय**